# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।२७ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

--------------------------------------------------

भूमिसुधार तथा मालपोत कार्यालय, राजविराज, सप्तरीमा कार्यरत कर्मचारी नायब सुब्बा राम नारायण शर्मा र कम्प्युटर अपरेटर राजेश कुमार साहले मोही जग्गाको बाँडफाँड भई श्रेस्ता कायम गरी जग्गा धनीपुर्जा बनाइदिने भनी विभिन्न बहानामा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निजहरुले सेवाग्राहीसँग रू.३,०००।- (तीन हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा नायब सुब्बा राम नारायण शर्मा र कम्प्युटर अपरेटर राजेश कुमार साहले आपसी मिलेमतोमा उक्त घुस रकम लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.३,०००।-(तीन हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई मिति २०७५।११।२३ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता